# प्रसौनी गाउँपालिका
# प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्ड ७ | संख्या ३ | मिति २०८१।०३।३०

भाग–२

## प्रसौनी गाउँपालिका

### " अनुदानमा आधारीत पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि , २०८१"

स्वीकृत मिति : २०८१/०३/३०

प्रस्तावना :

यस प्रसौनी गाउँपाकि प्राकृतिक श्रोत साधनले भरिपुर्ण गाउँपालिका भएता पनि यहाँका अधिकांस नागरिकहरु कृषि तथा पशुपालनमा निर्भर भएको र पशुपालन तथा कृषि व्यवसायवाट गाउँपालिकाको ग्राहस्थ उत्पादनमा खासै टेवा नपुगेको देखिएको हुँदा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा प्रसौनी गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न वनेको ऐन २०७४ को दफा ४ ले दिएको अधिकार अन्तर्गत पारित "अनुदानमा आधारीत पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि , २०८१" स्वीकृत गरि जारी गरीयको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "अनुदानमा आधारीत पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि, २०८१" रहेको छ। (ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२ परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) पशु विकास कार्यक्रम सञ्चालन भन्नाले : कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक पशु उत्पादन (व्यावसायिक भैंसी पालन, व्यवसायिक बाखा र पशुपंक्षी) बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ।

ख) "कार्यविधि" भन्नाले प्रसौनी गाउँपालिका अन्तर्गत सञ्चालित "अनुदानमा आधारीत पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि, २०८१" लाई सम्झनु पदर्नछ।

ग) "समिति" भन्नाले गाउँकार्यपालिका भित्र गठित पशु विकास कार्यक्रम हेर्ने समितिलाई बुझ्नुपर्छ ।

घ) "स्कीम/परियोजना" भन्नाले पशु पंक्षि पालन व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

३. उद्देश्य: यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छनः

(क) भैंसीपालन, बाख्रापालन तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने । (ग) पशु उत्पादन तथा उत्पादकत्व आय वृद्धि गरि आर्जनमा टेवा पुऱ्याइ कृषक परिवारको जिवन स्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

(घ) व्यवसायिक जिविकोपार्जनको विकास गर्ने ।

परिच्छेद- २

पशु विकास व्यवसायिक चौरी तथा भैंसीपालन प्रवर्द्धन कार्यक्रम

४. व्यावसायिक चौरी/भैंसी पालन कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१) स्कीम अवधि : यो कार्यक्रम प्रसौनीगाउँपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुनेछ ।

२) स्कीमका लागि क्षेत्र छनौटका आधारहरु : व्यवसायिक भैंसी पालनका लागी संभाव्य भएका क्षेत्रहरुको छनौट गरि कार्यक्रम सञ्चालन गरिनेछ । निवेदन दिने फार्महरु प्रसौनीगाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ ।

३) (१) व्यावसायिक भैंसी फार्म निर्माण गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

निम्न :

- चौरी/भैसी फर्म राख्ने जग्गाको लाल पूर्जा फर्मको नाममा भएको वा कम्तीमा १० वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।
- सधियारको मन्जुरीनामा भएको र वडाको मुजुल्का हुनु पर्ने छ ।
- वतावरणिय दृष्टिकोणले सफा र सवै फोहोरको व्यवस्थापन भएको हुनु पर्नेछ ।
- एउटा फर्म एउटै कम्पाउण्ड, जोडिएको कित्ता भित्र रहेका फर्मलाई मान्यता दिईनेछ ।
- फर्ममा बालबालिका कामदारको रुपमा प्रयोग भएको पाईएमा अनुदानबाट बन्चित गरी आवश्यक कारवाही गराइने छ ।
- सके सम्म स्थानिय कामदारलाई रोजगार दिईएको हुनुपर्ने छ ।
- श्रमीकको ज्याला, तलव सुविधा र करारको प्रतिलिपि समावेस गर्नु पर्ने छ ।
- गाउँ वस्ती, कृषि क्षेत्रमा गाई, भैसी छाडा छोड्न पाईने छैन ।
- एउटा फर्ममा कम्तीमा १० वटा उन्नत (६० प्रतिशत सम्म क्रस) जातको दुधालु, बिमा गरिएको माउ भैंसी हुनुपर्ने छ
  - प्रति गाई,भैसी को लागी सरदर १ रोपनी क्षेत्रफलमा घाँस खेती गरेको हुनु पर्ने छ ।

(२) भैसी गोठ : गाई भैसी गोठ भन्नाले स्थानिय तवरमा परम्परागत रुपमा पालिएका भैसी गोठलाई मानिने छ। ➢ एउटा भैसी गोठमा एक जना व्याक्तिको वा एउटा संस्था वा कम्पनिको स्वामित्वमा न्यूनतम ५० वटा भन्दा बढी माउं भैसी भएको हुनु पर्ने छ।

➢ एउटा गोठका सबै भैसीहरु दिउसो एउटै चरन क्षेत्रमा चर्ने र राति एउटै गोठ वा किल्लामा बाँधेको हुनु पर्ने छ।

➢ खर्क, चरणगोठ गाउँपालिकाले स्वीकृत गरेको निश्चित क्षेत्रहरुमा राख्नुपर्ने छ।

➢ गाउँ, बस्ती र कृषि क्षेत्रमा ल्याउदा छाडा छोड्न पाईने छैन।

➢ गोठमा भएको सवै भैसीहरुको आधिकारीक ट्याग नम्बर सहितको अभिलेख गा.पा. को पशु सेवा शाखामा पेश गर्नु पर्ने छ।

➢ गोठमा बाल श्रमिकको प्रयोग गरेको पाईएमा कानुनि कारवाहि हुनेछ।

➢ गोठमा सकेसम्म स्थानियलाई रोजगार दिनु पर्ने छ र श्रमिक कामदारको ज्याला तलव भत्ता सुविधा सम्झौता लिखित रुपमा हुनु पर्ने छ।

४. उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि फार्मलाई २ वर्गमा विभाजन गरिने छ।

१) आधुनिक भैंसी फार्म : यस कार्यक्रमको लागी कम्तिमा १० वटा उन्नत (६० प्रतिशत सम्म क्रस) भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ।

२) भैंसी गोठ : यस कार्यक्रमको लागि कम्तीमा ५० वटा भन्दा वढी माउ भैंसी दुध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्मलाई मानिने छ।

५. कार्यक्रमका लागि उपलब्ध गराईने सहयोगहरु :

१. उन्नत भैसी खरीद गरी विमा गरिएका प्रति भैसी रु.२०,०००/- का दरले अधिकतम रु.२,००,०००/- सम्म ।

२. स्थानिय लोकल भैंसी खरीद गरी विमा गरिएका प्रति भैसी रु.४०००/- का दरले अधिकतम रु.२,००,०००/- सम्म।

६. फर्म सुद्रढीकरण सम्बन्धि कार्यहरुः

- गोठ निर्माण सुधार ,फार्म सुरक्षा (बार बन्देज) जैविक सुरक्षा।
- पशु प्रजनन् आहार तथा अन्य व्यवस्थापकीय कार्य ( कृत्रिम गर्भाधान उपरकरण रांगो खरीद ,आहार व्यवस्थापन , च्याफ कटर ,काउ स्याट, मिल्क क्यान, व्हील व्यारो) आदी।
- फार्म यान्त्रिकीकरण : मिल्किङ मेसीन, मिल्किङ पार्लर, फोडर फोरेज ब्लक, umb मेसीन, विधुतिय फिडर, वाटरर, मिल्क क्यान, साईलो पिट, फ्रिज, चिलिङ भ्याट, आदी।

परिच्छेद- ३

पशु विकास व्यवसायिक भेडा, बाखा र च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रम

७. बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

१) कार्यक्रम संचालन हुने स्थानः प्रसौनीगाउँपालिकाबाट स्वीकृत भएपछि पशुसेवा शाखाले सञ्चालन गर्नेछ।

२) कार्यक्रम संचालन अवधिः यो कार्यक्रम प्रसौनीगाउँपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ।

३) (१) व्यावसायिक फार्म निर्माण गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ। निम्न :

क.व्यवसायिक ( भेडा, बाखा र च्याङ्ग्रा फर्म)

- बाखा फर्म राख्ने जग्गा लालपुर्जा ,फर्म वा संचालकको नाममा हुनुपर्ने छ अथवा सम्वन्धित जग्गा दाता संग फर्मले जग्गा भोग चलनको लागी कम्तीमा १० बर्षको लागी भाडामा सम्झौता भएको हुनु पर्ने छ। ➢ फर्म (खोर )राखेको जग्गाको चार किल्ला को संधियार हरुको मन्जुरी वा मुजुल्का हुनु पर्ने छ।

- खोर आधुनिक सुधारीएको हुनु पर्ने छ।

- एउटा फर्म एउटै कम्पाउण्ड भित्र रहेको हुनु पर्ने छ।

- एउटा खोर वा फर्ममा कम्तीमा १०० वटा माउ भेडा वा बाखा भएको हुनु पर्ने छ।

- सबै भेडा बाखाको ट्यागीङ् गरि सोको अभिलेख सहित गाउं पालिकामा दर्ता भएको हुनु पर्ने छ।

- गाउं पालिकामा नियम पुर्वक दर्ता भई समयमा नै नविकरण र कर चुक्ता भएको हुनु पर्ने छ।

- भेडा बाखाको लागी निश्चित तोकिएको वन जंगल वा चरनमा कामदारको निगरानीमा चराउने र ल्याउने गर्नु पर्दछ साथै कृषि क्षेत्र, वस्तीमा छाडा छोडन पाईने छैन।

- फर्ममा काम गर्ने कामदार हरुको तलव भत्ता लिखित रुपमा सम्झौता गरेको हुनु पर्ने छ।

- कामदार सके सम्म स्थानिय हुनु पर्ने छ।

- बाल श्रम प्रयोग गरेमा कानुनि कारवाही गरिनेछ।
- सबै भेडा बाखाको विमा गरेको हुनु पर्ने छ। ➢ एउटै कम्पनि, समुह वा सहकारी स्वमित्वको एक फर्म मानिने छ।

- प्रति बाखा रु. १०००/- का दरले अधिकतम् २,००,०००/- अनुदान दिईने छ।

ख. भेडा-बाखा खोर (गोठ) :

- बस्ती र कृषि क्षेत्रभन्दा पर लेक जंगलमा छाडा चरणमा चराउने भेडा बाखालाई गोठ भनिने छ।

- अनुदान प्राप्त गर्नको लागी एक गोठमा कम्तीमा ४०० वटा भेडा बाखा हुनु पर्नेछ।

- प्रति भेडा-बाखा रु. ५००/- का दरले अधिकतम् २,००,०००/- अनुदान दिईने छ।

- एकै ठाउंहरुमा चर्ने र एकै स्थानमा सुत्ने भेडा बाखाको हुल लाई एक गोठ मानिने छ।

- कृषि क्षेत्र र बस्ती क्षेत्रमा छाडा तरीकाले छोड्न पाईने छैन।

२) उपदफा १ मा जेसुकै लेखिएको भएता पनि भेडा/बाखा फार्मको वर्गीकरण निम्नानुसार गरिने छः

(क) व्यावसायिक बाखापालन फार्म : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् १०० वटा प्रजनन् योग्य माउ भेडा बाखापालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई व्यावसायिक बाखा फार्म मानिने छ।

(ख) भेडा वाखा गोठ : एकै ठाउमा चरण गर्ने तथा एउटै स्थानमा सुत्ने कम्तीमा ४०० वटा भेडा वाखा भएको स्थान तथा व्यावसायलाई गोठ भनिने छ।

८) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम :

(१) व्यावसायिक बाखापालन फार्म : प्रति भेडा वाख रु १०००/- का दरले अधिकतम रु २,००,०००/- अनुदान दिईने छ।

(२) भेडा वाखा गोठ : प्रति भेडा वाख रु ५००/- का दरले अधिकतम रु २,००,०००/- अनुदान दिईने छ।

९) अनुदान रकमको उपयोग  यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ टयाकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् ‍ बोका खरिद/कृतिम गर्भधारण व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाका दे ाना, आषधि, खनिज ै पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

परिच्छेद-४

<u>पन्छी विकास कार्यक्रम संञ्चालन प्रकृया :</u>

१०) स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ

१. कार्यक्रम संचालन हुने स्थान : प्राथमिकताको आधारमा छनौट गरिने ।

२. कार्यक्रम संचालन अवधि : यो कार्यक्रम प्रसौनीपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

३. लक्षित वर्ग : ग्रामिण कृषक, लक्षित वर्ग र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धीत काममा दक्षता हासिल गरेका युवाहरुलाई र विपन्न, दलित, आदिवासी जनजाति, पिछडावर्ग परिवारलाई व्यवसायीहरु । साथै सवै सामाजिक समुहका कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराईने छ ।

४. (१) व्यावसायिक कुखुरा पालन (लेयर्स र ब्रोइलर)ः फार्म निर्माण गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

निम्न :

- २००० देखी माथि लेर्यस वा ब्रोईलर कुखुरा पालक कार्यकममा समाबेस गर्न सकीने
- ब्रोइलरको हकमा कम्तीमा प्रति लट २००० का दरले वार्षिक ५००० मा नघट्ने गरी उत्पादन गरेको हुनु पर्ने छ ।
- कुखुरा उत्पादन विवरण अध्यावधिक गर्न खरीद विल र विक्रि परिमाण खुल्ने आधिकारीक प्रमाण हुनु पर्ने ।
- सम्वन्धित वडाको सिफारीस, प्राविधिक सहितको फिल्ड भेरीफीकसन समितिको प्रतिवेदनमा उल्लेखित संख्या परिमाण स्पष्ट भएको आधिकारीक निर्णय प्रमाण हुनु पर्ने छ ।

११. अनुदानको प्रकृया :  प्रति हजार रु १०,०००/-दरले अधिकतम रु. २,००,०००/- अनुदान उपलब्ध गराईनेछ ।

परिच्छदे -५ <u>विविध :</u>

१२. कार्यक्रम संचालन प्रकृया

१) प्रस्ताव आव्हान : निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यावसायिक भैंसी पालन, भेडाबाखा फार्म/गोठ र कुखुरा पालन फार्म स्थापना वा सुदृढिकरणका वा यान्त्रिकरणका लागि स्थानीय सञ्चारमाध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी पशु सेवा शाखा मार्फत गाउँपालिकामा पेश गर्ने गरी प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको ३५ दिने सूचना अनुसूची १ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरुले प्रकाशन गर्नेछन् । साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३  बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

२) प्रस्तावहरुको मुल्यांकन तथा स्वीकृतीः

१) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ ।

२) पशु विकास कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्तावहरुलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धीत पशु विकास शाखाको हुनेछ ।

३) मूल्यांकनका आधारहरुः मुल्याङकनका आधारहरु अनुसुचि ५ मा उल्लेख भए अनुसार हुनेछन् ।

१३. प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति सम्बन्धि व्यवस्था : (१) व्यवसायिक पशु विकास कार्यक्रमलाई लक्षित गरि संचालित फर्मको प्रवर्द्धन तथा बजारिकरणमा सहयोग पुऱ्याउने गरि प्रसौनी गाउँपालिका द्वारा सञ्चालन गरिने पशु पक्षि विकास कार्यक्रम अनुदानका लागी देहाय बमोजिमिको मुल्याङ्कन तथा छनौट समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिका उपाध्यक्ष | सह संयोजक |
| ग. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ. | प्र.प्र.अ. वा निजले तोकेको कर्मचारी | सदस्य |
| ङ. | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

१४. फिल्ड भेरिफिकेशन समिती गठन : प्रस्ताव मुल्याङ्कन समिति बाट सिफारीस भई आएका फर्महरुको फिल्ड भेरिफिकेसन गर्नको लागी स्थलगत रुपमा फिल्ड भेरीफिकेसन समिति गठन गर्ने र सोही समितिबाट स्थलगत रुपमा फिल्ड भेरिफिकेसन विवरण तयार गरि पुन प्रस्ताव मुल्याङक्न समितिमा अन्तीम छानविनका लागी पठाउने छ । निम्न अनुसार समिती गठन गरिने छ ।

| | | |
|---|---|---|
| क. | सम्वन्धित वडाका वडा अध्यक्ष : | संयोजक |
| ख. | पशुसेवा शाख प्रमुख : | सदस्य |
| ग. | सम्वन्धित वडाको वडा सदस्य मध्येवाट १ जना महिला सदस्य सहित २ जना | सदस्य |
| घ. | सम्वन्धित वडा सचिव : | सदस्य |
| ङ. | सम्वन्धित टोल संयोजक : | सदस्य |
| च. | सम्वन्धित क्षेत्र हेर्ने प्राविधिक : | सदस्य |

रोहवर : सम्वन्धित फर्म संचालक वा एकाघरका सदस्य ।

१५. अनुगमन सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिकाबाट सञ्चालित अनुदानका कार्यक्रमहरुलाई नियमित रुपमा अनुगमन गरिनेछ ।

(२) अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुगमन समितिबाट तयार गरिनेछ ।

(३) देहायका व्यक्तिहरु रहेको एक अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपाकिला उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना | - संयोजक |
| ख. अध्यक्षले तोकेको व्यक्ति १ जना | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा प्रमुख १ जना | - सदस्य |
| घ. सम्बन्धित समितिको प्रतिनिधि १ जना | - सदस्य |
| ङ. पशु विकास शाखा प्रमुख १ जना | - सदस्य |

१६. कार्वाहीको व्यावस्था : प्रस्ताव स्वीकृत भएका कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्र अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रसौनीगाउँपालिकाको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही सरकारी रकम असुल उपर गरिने छ ।

१७. प्रचलित कानुन लागु हुने : कार्यक्रम कार्यन्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम त उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्य विधि बमोजिम कार्यन्वयन हुनेछ ।

१८. विमा : हरेक कार्यक्रम अर्न्तगत पशुहरुको अनिर्वाय रुपमा पशु विमा गराउनुपर्नेछ ।

१९. फार्म दर्ता तथा नविकरण प्रकृया : यस गाउँपालिकामा पशुपंछि फार्म दर्ता एवंम नविकरण तोकिएको प्रकृया बमोि हुनेछ ।

२०. कार्यविधि संसोधन तथा परिर्माजन : प्रसौनी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवंम संसोधन गर्न स छ ।

## अनुसूची - १

पशु उत्पादन (भैंसी पालन/भेडा बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

प्रसौनी गाउँपालिका पशु विकास शाखा

पशुपन्छी विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

तपशिल :

प्रथम पटक प्रकाशित मिति : ............................

यस कार्यालयको आ.व. २०... /...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (भैंसी पालन, भेडा वाखा पालन तथा कुखुरा पालन ) सम्वन्धी कार्यक्रमका माध्यमबाट स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ४० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार युवाहरुवाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचामा अनुसारको आवेद फाराममा दरखास्त दिनुपर्नेछ। पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सुचना द्वारा सुचित गरिन्छ।

१. अनुसुची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु

## अनुसूची - २

पशु उत्पादन (भैंसी पालन/भेडा बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यु, प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डोल्पा।
विषय : पशुपन्छी विकास अनुदान सहयोग कार्यक्रम उपलब्ध गराईदिने वारे।
महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ........................................... कार्य गर्न तिव्र इएच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु। पुनश्च : तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपशिल :

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. फार्म/समुह/ समिति/ सहकारी सम्वन्धीत निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक ४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरिणिय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवर्द्धता

निवेदक नाम :
दस्तखतः
ठेगाना :

अनुसुचि ३

पशु उत्पादन (भैंसी पालन/भेडा बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमकाको संक्षिप्त व्यावसायिक कार्ययाजनो

व्यावसायिक फर्मको नाम : सम्पर्क नम्वर :

ठेगाना : डोल्पा जिल्ला प्रसौनी गाउँपालिका वडा नं. .......... टोल : ............................. भैंसी/भेडा वाखा/कुखुरापालन व्यवसाय गरिने स्थान :

व्यवसायिक भैंसी/भेडा वाखा/कुखुरापालन गरिने कार्यविवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयो रु.) | निजि लगा रु.) | जम्मा लगा रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यावसायिक कार्य गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नुपर्नेछ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ..................... महिना ....................

२. भैंसी/भेडा वाखा/कुखुरा जात :

३. भैंसी/भेडा वाखा/कुखुरा संख्या :

४. राँगा/वोका/भेडा संख्या :

५. भैंसी/भेडा वाखा/कुखुरा पालन पद्धति :

६. घाँसखेत गरेको/गरिने क्षेत्रफल :

७. घाँसको किसिम :

८. डाँलेघाँसको किसिम र संख्या :

९. व्यवसायको लागि श्रमको व्यवस्थान :

क. पारिवारिक : महिला संख्या : ................, पुरुष संख्या : ............. ख. वाहिरवाट : महिला संख्या : ................, पुरुष संख्या : .............

१०. उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल : व्यवसायि फर्म सञ्चालकको तर्फबाट सहि गर्नेको सही :

नामः संस्थाको छाप : दस्तखत :

मिति :

अनुसूची - ४

पशु उत्पादन (भैंसी पालन/भेडा बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमसंचाालनको लागि गरिने सम्झौता-पत्र

प्रसौनी गाउँपालिका पशु विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत लक्षित ..................................... कार्यक्रम संचालन गर्न पशु विकास शाखा, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ............................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ..................................................... व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नरेको अनुगमन गर्नेछन् ।

४. भैंसी/भेडा बाखा पालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष                                        दोश्रो पक्ष

प्रसौनी गाउँपालिका पशु विकास शाखा को तर्फबाट सहि  युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको

नाम :        नाम : पद :        पद : दस्तखत :        दस्तखत : मिति :        मिति :

सम्पर्क फोन नं.:        सम्पर्क फोन नं.: कार्यालयको छाप :        संस्थाको छाप

औठाको छाप :

दायाँ    बायाँ

अनुसुची-५

पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचाालकको लागि छनौट गर्दा अपनाईने

मुल्यांकनका आधारहरु :

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (१०) | अनुभव/तालिम (१०) | पालिरहेको पशु पन्छीको संख्या (२०) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

नाम थर : नाम थर :

पद : पद :

दस्तखत : दस्तखत : मिति :

मिति :

नाम थर : नाम थर :

पद : पद :

दस्तखत : दस्तखत : मिति :

मिति :

अनुसूची - ६

पशु उत्पादन (भैंसी पालन/भेडा बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमका प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको | २. सञ्चालित व्यवसायको

नाम : | नाम :

ठेगाना : | ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधि :

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आईपरेका वा अडचन् | समाधानको ला सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य :

१. ........................ २. .................................... ३. ...................................

उद्यमिको नाम : दस्तखत : मिति :

ठेगाना

गाउँ सभाबाट पारित मितिः २०८१।०३।३० | आज्ञाले

प्रमाणिकरण मिति २०८१।०३।३० | सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत